**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, बेलबारी मोरङ**

**सुरक्षित आप्रवास कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श (सहायकस्तर पाँचौं) पदको लागि सेवा करारको माध्यबाट पदपूर्ती गर्न तयार गरिएको परीक्षा पाठ्यक्रम**

**पाठ्यक्रमलाई देहाय बमोजिम बिभाजन गरिएको छः**

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| प्रथम | **संक्षिप्त सूचि** ( शैक्षिक योग्यता मुल्यांकन, कार्य अनुभव मुल्यांकन, स्थानीयता मुल्यांकन) | ८० |
| दोस्रो | बहु बैकल्पिक बस्तुगत लिखित परीक्षा | ५० |
| | प्रयोगात्मक कम्प्युटर परीक्षा | १० |
| अन्तिम | अन्तर्वार्ता | २० |
| | **जम्मा** | १६० |

**परीक्षा योजना (Examination Scheme)**

**१. प्रथम चरणः संक्षिप्त सूची**

| शिर्षक | शैक्षिक योग्यता | कार्य अनुभव | स्थानीयता | जम्मा |
|---|---|---|---|---|
| पुर्णाङ्क | ६० | १० | १० | ८० |

**२. दोस्रो चरणः बहु बैकल्पिक बस्तुगत लिखित तथा प्रयोगात्मक कम्प्युटर परीक्षा**

| क्र.सं. | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या * अङ्क | समय |
|---|---|---|---|---|---|---|
| क | बहु बैकल्पिक बस्तुगत लिखित परीक्षा | ५० | २० | वस्तुगत प्रश्न | २५ प्रश्न *२ अङ्क =५० | १ घण्टा |
| ख | प्रयोगात्मक कम्प्युटर परीक्षा | १० | ४ | प्रयोगात्मक प्रश्न | ४ प्रश्न*२.५ अङ्क= १० | २० मिनेट |

**३. अन्तिम चरणः अन्तर्वार्ता**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणली | समय |
|---|---|---|---|
| व्यक्तिगत अन्तर्वार्ता | २० | मौखिक | ----- |

द्रष्टव्यः

१. गलत उत्तर दिए बापत अंक काटिने छैन।
२. प्रथम चरणको संक्षिप्त सूचीमा नामावली प्रकाशित उम्मेदवारलाई मात्रै द्वितिय चरणको लिखित परीक्षा सम्मिलित गराइनेछ।
३. द्वितिय चरणको बहु बैकल्पिक बस्तुगत लिखित र प्रयोगात्मक कम्प्युटर परीक्षाबाट उत्तिर्ण उम्मेदवारलाई मात्र अन्तिम चरणको अन्तर्वार्ता परीक्षामा सम्मिलित गराइनेछ।
४. सम्पूर्ण चरणको परीक्षाबाट प्राप्त कुल अंक योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत

**सुरक्षित आप्रवास कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शको (सहायकस्तर पाँचौं) पदको विस्तृत पाठ्यक्रमः**

**१. प्रथम चरणः शैक्षिक योग्यता मुल्यांकन, कार्य अनुभव मुल्यांकन, स्थायीयता मुल्यांकन (८० अंक)**

**(क) शैक्षिक योग्यता मूल्यांकन** :६० (साठी) अंक,

(विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणानाका आधारमा)। तर परीक्षार्थीको अंक GPA मा उल्लेख भएको भए सो GPA लाई २५% ले गुणा गरी प्राप्त अंकको ६०% देखी पहिलो श्रेणी, ४५% देखि दोस्रो श्रेणी र ३२% देखि तेस्रो श्रेणी कायम गरी मूल्यांकन गरिनेछ।

**(ख) कार्य अनुभव मूल्यांकन** :१० (दश) अंक

(अनुभव वापत प्रति वर्ष २ अंकको दरले बढीमा १० अंक प्रदान गरिनेछ। यसरी अंक प्रदान गर्दा चानचुन अवधिलाई दामासाही हिसाब गरी अंक प्रदान गरिनेछ। उमेद्धारले कार्य अनुभवको अवधि खुलेको कागजातको प्रमाणित विवरण आवेदनमा संलग्न गरेको हुनु पर्नेछ।)

**(ग) स्थानीयता मुल्यांकनः** स्थानीय बासिन्दालाई देहाय बमोजिम- १० (दश) अंक

(बेलबारी नगरपालिकाको बासिन्दा भएमा-१० अंक र बेलबारी नगरपालिका वाहेकको मोरङ जिल्लाको बासिन्दा भएमा-५ अंक)

**२. दोस्रो चरणः बहु बैकल्पिक बस्तुगत लिखित र प्रयोगात्मक कम्प्युटर परीक्षा**

**क. बहु बैकल्पिक बस्तुगत लिखित परीक्षा (५० अंक)**

१. सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९
२. बैदेशिक रोगजार ऐन, २०६४ र नियमावली, २०६४
३. बैदेशिक रोजगार नीति, २०६८
४. राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७
५. बैदेशिक रोजगारका सबल पक्ष, चुनौती, अवसर, समस्या तथा समस्या समाधानका उपायहरु
६. बैदेशिक रोजगारमा संलग्न घर परिवारमा देखिने मनोसामाजिक समस्या तथा समस्या समाधान उपायहरु
७. मनोसामाजिक परामर्श सेवा सुपरिभिजनको अवधारणा,प्रक्रिया तथा विधि/तरिकाहरु
८. मनोसामाजिक परामर्शका आधारभूत पक्षहरु, मनोसामाजिक परामर्शकर्ताको क्षमता विकास, सुपरभिजन, रिफरल प्रक्रिया, मनोपरामर्शकर्तामा हुनु पर्ने गुणहरु, भूमिका र जिम्मेवारी
९. मनोसामाजिक परामर्शकर्ताको सेवा कौशलः सञ्चार, समस्या समाधान कौशल, संकट व्यवस्थापन र प्राथमिक मनोवैज्ञानिक सहयोग
१०.स्थानीय परिवेश र भूगोल सम्बन्धी सामान्य जानकारीहरु

**ख. प्रयोगात्मक कम्प्युटर परीक्षा (१० अंक)**

Word, Excel, PowerPoint and Email Internet सम्बन्धी प्रयोगात्मक ज्ञान।

**३. अन्तिम चरणको अन्तर्वार्ता (२० अंक)**

| क्र.सं. | विवरण | पुर्णाङ्क |
|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | १० |
| २ | प्रस्तुतीकरण | ५ |
| ३ | व्यक्तित्व | ५ |

**पाठ्यक्रम स्वीकृत मितिः २०८२।०८।०३ गते**

संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत